(आ.व. २०८२।८३ को दशौं बैठक)

# फलेवास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, पर्वत

२०८३/०३/०८ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

*निर्णयहरु:*

१ अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुका सम्बन्धमा बिस्तृत छलफल र समिक्षा गरियो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

२ मिति २०८३ असार ९ गते हुने फलेवास नगरपालिकाको नगरसभामा आगामी आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम स्वीकृतिका लागि पेश गर्ने ।

३ मिति २०८३ असार ९ गते हुने फलेवास नगरपालिकाको नगरसभामा आगामी आ.व.२०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट स्वीकृतिका लागि पेश गर्ने ।

४ मिति २०८३ असार ९ गते हुने फलेवास नगरपालिकाको नगरसभामा आर्थिक विधेयक-२०८३ स्वीकृतीका लागि पेश गर्ने ।

५ मिति २०८३।०३।०९ गते हुने फलेवास नगरपालिकाको नगरसभामा बिनियोजन विधेयक-२०८३ स्वीकृतिका लागि पेश गर्ने ।

६ मिति २०८३ असार ९ गते हुने फलेवास नगरपालिकाको नगरसभामा नगर शिक्षा योजना, २०८३ स्वीकृतिका लागि पेश गर्ने ।

७ फलेवास नगरपालिकाको सहकारी संघसंस्था अनुगमन मूल्याङ्कन तथा नियमन कार्यविधि-२०८३ स्वीकृत गर्ने ।

८ मिति २०८३ असार ९ गते हुने फलेवास नगरपालिकाको नगरसभामा पुर्वाधार विकास समितिको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक प्रतिवेदन, आर्थिक विकास समितिको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक प्रतिवेदन, सामाजिक विकास समितिको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक प्रतिवेदन, वन वातावरण तथा बिपद् व्यवस्थापन समितिको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक प्रतिवेदन, सुशासन तथा क्षमता विकास समितिको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक प्रतिवेदन, लेखा समितिको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक प्रतिवेदन, विधायन समितिको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक प्रतिवेदन र न्यायिक समितिको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि पेश गर्ने ।

९ मिति २०८३ असार ९ गते हुने फलेवास नगरपालिकाको नगरसभामा आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०८३ स्वीकृतिका लागि पेश गर्ने ।

१० फलेवास नगरपालिकाले आर्थिक वर्ष २०८२।०८३ मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ बमोजिम आफ्नो क्षेत्राधिकार भन्दा बाहिर करारोपण नगरेको व्यहोरा स्व-घोषणा गर्ने ।

११ फलेवास नगरपालिकाको भूगोल, स्थानीय कला, संस्कृति, साहित्यका साथै सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक पहिचान झल्किनेगरी नगरगान र लोगोको नमूना निर्माण गरी नगरपालिकामा पेश गर्न १५ दिने सार्वजजिनक सूचना आव्हान गर्ने । सूचना बमोजिम प्राप्त नमूनाको परिक्षण मुल्याङ्कन गरी छनोट गर्न नगरपालिकाले विज्ञ सहितको कार्यदल गठन गरी अन्तिम छनोट गर्ने । छनोट भएका नमूना पेश गर्ने सर्जक/रचनाकारलाई कार्यपालिकाबाट निर्णय गरी उचित पुरस्कार प्रदान गर्ने ।

१२. फलेवास नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा बितरण हुँदै आइरहेको दिवा खाजा कार्यक्रम व्यवस्थापन गर्नको लागि प्रत्येक दिन फरक हुने गरी तपसिल बमोजिमको दिवा खाजाको परिकार सूचि स्वीकृत गर्ने ।

२०८३/३/८

Scanned with CamScanner

तपशिलः

| बार | अनिवार्य परिकार | बैकल्पिक परिकार |
|---|---|---|
| आइतबार | | |
| सोमबार | मिक्स सातु र हरियो तरकारी | चामलको खिर र तरकारी |
| मंगलबार | आलु जिरा (मिक्स) | मकैको हलुवा र तरकारी |
| बुधबार | भुटेको भात र तरकारी | अण्डा, तरकारी चिउरा |
| बिहिबार | आलु र गेडागुडी मिक्स | पुरी तरकारी |
| शुक्रबार | कोदोको पुवा र तरकारी | मासु चिउरा |

नोटः प्रस्तुत मेनु सहित मौसम अनुसारका फलफुल समेत समावेश गर्ने ।

१३ मिति २०८३।०३।०९ गते हुने फलेवास नगरपालिकाको नगरसभाका लागि फलेवासको नगरसभा सञ्चालन कार्यविधि सम्बन्धि ऐन २०७४ को अनुसूचि १ बमोजिमको कार्यसूचि स्वीकृत गर्ने ।

१४ मिति २०८२।१२।२७ गतेको कार्यपालिका बैठकले छनोट गरेका आयोजनाहरु र २०८३।०१।२४ को कार्यपालिका बैठकले गरेको रकमान्तर तथा योजना शंसोधनको बिवरण स्वीकृतीका लागि मिति २०८३।०३।०९ गते हुने फलेवास नगरपालिकाको नगरसभामा पेश गर्ने ।

१५ यस नगरपालिकाको गत विगतदेखि एकिकृत हुँदै आएको बेरुजु रकम १६ करोड ६२ लाख ४० हजार ८ सय २९ रुपैयाँ मध्ये ५७.३३ प्रतिशत अर्थात् ९ करोड ५३ लाख ११ हजार ७ सय ५ रुपैयाँ फर्छ्यौट गरेको र आर्थिक वर्ष ०८१।०८२ को कारोबार मध्ये पेश्की बेरुजु ३५ लाख बाहेक अन्य सबै कारोबार बेरुजु शुन्य बनाएर बित्तिय अनुशासन कायम गर्ने कार्यमा संलग्न तत्कालिन प्रमुख प्रशासकीय अधिकृत लगायतका कर्मचारीहरुलाई धन्यबाट ज्ञापन गर्दै उचित सम्मान गर्ने ।

१६ २०८२ साउन १ गतेदेखि २०८३ हालसम्म नगरपालिकाको कार्यसम्पादनका शिलशिलामा भएका कार्यपालिकाका निर्णयहरुका साथै आर्थिक, प्रशासनिक र न्यायिक समितिबाट भएका निर्णयहरु समेत सर्वसम्मतीले स्वीकृत गर्दै आगामी सभा समक्ष अनुमोदनका लागि पेश गर्ने ।

भोला प्रसाद थापागाई
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner